Board Meeting 62

बैठक संख्या :- ६२
मिति :- ०७६/०९/१७ गते विहिवार
समय :- विहान ८.०० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको वैठक वस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष -१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष -२ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष -३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष -४ |
| श्री पूर्ण वहादुर खड्का | वडाअध्यक्ष -५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष -६ |
| श्री कर्ण वहादुर घिसिङ | वडाअध्यक्ष -७ |
| श्री टिका वहादुर मुक्तान | वडाअध्यक्ष -८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष -९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष -१० |
| श्री राम वहादुर थिङ | वडाअध्यक्ष -११ |
| श्री ललित वहादुर आले | वडाअध्यक्ष -१२ |
| श्री किरण माझी | वडाअध्यक्ष -१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष -१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी वस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर वहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य सचिव (प्र.प्र.अ) |

**निर्णय नं.** १ :- नगर शिक्षा समितिको मिति २०७६।९।१३ को सिफारिस समेतका आधारमा सम्वन्धीत स्थानीय तह तथा दुवै तर्फका विद्यालय व्यवस्थापन समितिको सहमति भई आएका राहत अनुदान कोटामा कामकाज गरी रहेका शिक्षकहरु आउन दिने गरि गरिएको निर्णयलाई अनुमोदन गर्दै कमलामाई नगरपालिकामा काम काजमा लगाउने र जान चाहनेको हकमा सहमति दिने निर्णय गरियो ।

**निर्णय नं.** २ :- कमालामाई नगरपालिका क्षेत्र भित्र अव्यवस्थित तरिकाले रहेका होर्डिङ्ग वोर्डहरुलाई व्ययस्थित गर्ने सम्वन्धमा गृह मन्त्रीज्यूको अध्यक्षतामा वसेको समितिका निर्णयहरु क्रमश कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.** ३ :- कमलामाई नगर खेलकुद समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७६ र यूवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४ :-'घ' वर्गको ईजाजत प्रमाण-पत्र प्राप्त को लागि दिएको निवेदन अनुसार रेमण्ड कन्ट्रक्शन प्रा.ली क.न.पा.६ लाई -'घ' वर्गको ईजाजत -प्रमाण पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.** ५ :- कमलामाई नगरपालिको कार्यालय मा कार्यरत नगर प्रहरी र २४ घण्टा (दमकल, सवारी चालक, वारुणयन्त्र र फायरमेन) मा कार्य गर्ने कर्मचारीहरुलाई एक पटकको लागि ज्याकेट खरिद गरि दिने निर्णय गरियो ।

निर्णय नं. ६ :- अख्तियार दुरुपयोग अनुसन्धान आयोग डंगाल काठमाण्डौ को मिति २०७६।८।१३ चं.नं. डि ३७६७७ - ९४८० को प्राप्त पत्र अनुसार तत्कालीन जलकन्या गाविस मा कार्यरत गाँउ विकास समिति सचिव वाट रकम असुली सम्बन्धमा कार्वाही प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं.** ७ :- सयुक्त राष्ट्र संघीय विकास कार्यक्रम र कमलामाई नगरपालिकाको आर्थिक सहयोगमा जिल्ला लघु उद्योग संग (डिमेगा) र सिड्स नेपाल को सहजीकरणमा संचालन महिला नुमना उद्यमशिल विकास परियोजनामा नगरपालिका तर्फको रकम खर्च गर्दा सिड्स नेपाल तथा डिमेगा वाट प्राप्त परियोजना खर्चको दर रेट मा एकरुपता कायम हुने गरी उक्त संस्थाहरुवाट प्राप्त दररेटलाई नै पारित गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो

**निर्णय नं.** ८ :- कमलामाई नगरपालिकामा कार्यरत करार र अस्थायी कर्मचारीहरुलाई पोशाक भत्ता वापत वार्षिक एकमुष्ट रु.७०००।- (सात हजार) र महंगी भत्ता वापत प्रति महिना रु.२०००।- (दुई हजार) का दरले उपलब्ध गराउनको लागि नगर सभामा अनुमोदन गराउने निर्णय गरियो ।

**निर्णय नं.** ९ :- ललितपुर उपमहानगरपालिका वाट आयोजना हुन गई रहेको अन्तर नगरपालिका भलिवल मा सहभागिता जनाउनका लागि सामाजिक विकास समितिका संयोजक श्री रामहरी ढुङ्गेलको नेतृत्वमा १५ जना टिम खटाउने र स्वीकृत खेलकुद कार्यविधि, २०७६ मा व्यवस्था भए अनुसार सो खेलकुद कार्यक्रम रु.१७००००।- सम्म खर्च गर्ने गरी कमलामाई नगरपालिको एक जना कर्मचारीलाई

खेलकुद शिर्षकमा विनियोजित रकमवाट विल भरपाई पेश गर्ने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :-** चालु आर्थिक वर्षमा विशेष कोष शिर्षकमा प्राप्त रु.एक करोड क.न.पा. ११ स्थित स्वास्थ्य चौकी निर्माणको लागि खर्च गर्ने गरी प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ११ :-** चालु आर्थिक वर्ष भित्र कमलामाई नगरपालिका क्षेत्र भित्र जिल्ला स्थित कार्यलयवाट संचालित विभिन्न योजनाहरु तथा पूर्वाधार निर्माण एंव अन्य कार्यक्रमको विवरण सात दिन्न भित्र उपलब्ध गराउनको लागि पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-** आर्थिक वर्ष ०७७।०७८ मा समपुरक अनुदान र विशेष अनुदानवाट संचालन हुने देहायका योजनाहरु राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो

| सि.न | योजनाको नाम | अनुदान | कैफियत |
|---|---|---|---|
| १ | मधुटार- सिलाामे सडक | सपुरक अनुदान | |
| २ | सिलामे-वेल्टार सडक | सपुरक अनुदान | |
| ३ | क.न.पा.८ करकरे - चिसान्त भन्ज्याङ्ग सडक | सपुरक अनुदान | |
| ४ | रातमाटा प्लानिङ्ग सडक कालोपत्रे | विशेष अनुदान | |
| ५ | जनमैत्री खानेपानी वडा नं.७ | विशेष अनुदान | |
| ६ | सिन्धुलीगढि खा.पा. वडा नं.३ | विशेष अनुदान | |
| ७ | वडा नं.३ खानेपानी व्यवस्था | विशेष अनुदान | |
| ८ | डाडी चम्राई खानेपानी | विशेष अनुदान | |
| ९ | डाडी खानेपानी डाडी | विशेष अनुदान | |
| १० | इनारपानी हुदै सहिदपार्क मार्ग | विशेष अनुदान | |
| ११ | भिमान लच्का देखी वथान चौरी सडक कालोपत्र | विशेष अनुदान | |
| १२ | कृषि उत्पादन चिस्यान केन्द्र कनपा - ४ | विशेष अनुदान | |
| १३ | वडा नं. ८ करकरे खानेपानी | विशेष अनुदान | |
| १४ | कनपा ८ को कनपा पुल देखि हात्तिसार तिनतले पातिपरान हुदै २ नं प्रदेश को सर्लाही ईश्वरपुर जोडने सडक | विशेष अनुदान | |
| १५ | वडा नं ८ करकरे खानेपानी | विशेष अनुदान | |
| १६ | वडा नं. ५ खानेपानी | विशेष अनुदान | |
| १७ | वडा कार्यालय भवन - १४ वटा निर्माण | विशेष अनुदान | |
| १८ | स्वास्थ्य चौकी ४ साविको ७ करोड | विशेष अनुदान | |
| १९ | नयाँ शहरी स्वास्थ्य क्लिनीक - ५ करोड | विशेष अनुदान | |
| २० | जुनार प्रर्वद्धन कार्यक्रम वडा नं. ११ | विशेष अनुदान | |
| २१ | जलकन्या मावि अधुरो भवन | विशेष अनुदान | |
| २२ | फुलवारी दमार हायुटोल (केशवटोल) वडा नं.६ सडक स्तरन्नोति | विशेष अनुदान | |
| २३ | वेमौर्सामि तरकारी उत्पादन कार्यक्रम - वडा नं. ४ | विशेष अनुदान | |
| २४ | वडा नं ९ कमला नदि तटवन्धन | विशेष अनुदान | |

| | | | |
|---|---|---|---|
| | काउले सिंचाई क.न.पा.९ | विशेष अनुदान | |
| | कनपा ९ मिनि रङ्गशाला | विशेष अनुदान | |
| २७ | गणेशमान स्मृती अधुरो कभर्डहल वडा नं. -४ | विशेष अनुदान | |
| २८ | शिवमन्दिर हुदै विपि हाईवे सडक स्तरन्नोति | विशेष अनुदान | |
| २९ | जसेदमानर खानेपानी मुहान निर्माण | विशेष अनुदान | |
| ३० | स्वास्थ्य चौकी भवन वडा नं - २ | विशेष अनुदान | |
| ३१ | स्वास्थ्य चौकी भवन वडा नं -३ | विशेष अनुदान | |
| ३२ | अधुरो स्वास्थ्य चौकी भवन कनपा - ११ | विशेष अनुदान | |
| ३३ | जुनार प्रवर्द्धन कार्यक्रम क.न.पा -११ | विशेष अनुदान | |
| ३४ | साविक जलकन्या ४,५,३ खानेपानी वडा नं. ३ | विशेष अनुदान | |
| ३५ | जलकन्या मावि अधुरो भवन निर्माण कनपा ३ | विशेष अनुदान | |
| ३६ | वेमौसमि तरकारी उत्पादन कार्यक्रभ - वडा नं- ३ | विशेष अनुदान | |
| ३७ | डाडी रिगं रोड क.न.पा.- १ | विशेष अनुदान | |
| ३८ | खानेपानी योजना वडा नं. ४ | विशेष अनुदान | |
| ३९ | स्वाँरा सातधारा गुरासे सडक क.न.पा. - १ | विशेष अनुदान | |